# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :

चलानी नं. :

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लि. ले आज मिति २०७६/०३/१२ गते मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि, २०७५ तोकिएको मापदण्ड पुरा गरेका निम्न सदस्य दलालहरुलाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमति प्रदान गरेको छ ।

**अनुमति प्राप्त गर्ने सदस्य दलाल**

१. क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रा.लि. (सदस्य नं. ५० )
२. भिजन सेक्यूरिटिज प्रा.लि.(सदस्य नं. ३४ )
३. नेपाल स्टक हाउस प्रा.लि..(सदस्य नं. १४ )
४. सेक्युर्ड सेक्युरिटिज लिमिटेड (सदस्य नं. ३६)
५. श्री कृष्ण सेक्युरिटिज लिमिटेड (सदस्य नं. २८)
६. प्राइमो सेक्युरिटिज प्रा. लि. (सदस्य नं. १६)
७. कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि (सदस्य नं. ३५)
८. दिपशीखा धितोपत्र कारोबार कम्पनी प्रा.लि. (सदस्य नं.३८)

**अनुमति प्रदान गर्ने आयोजित कार्यक्रममा नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रसिंह साउदले दिनुभएको वक्तव्य ।**

सामान्य भाषामा भन्दा धितोपत्रको मार्जिन कारोबार भन्नाले धितोपत्र दलाल ब्यवसायीले बैंक तथा बित्तिय संस्थाहरु संग सम्झौता गरी ऋण स्वरुप ब्यवस्था गरेको वा आफ्नो आन्तरिक श्रोत (कम्पनीको पुँजी तथा जगेडा कोष) वा अन्य श्रोतबाट उपलब्ध भएको रकमलाई प्रयोग गरी आफ्ना ग्राहक लाई शेयर खरिद गर्ने प्रयोजनको लागि ऋण स्वरुप रकम उपलब्ध गराउन सक्ने व्यवस्थालाई बुझ्न सकिन्छ । धितोपत्र कारोबारका लागि यो एक किसिमको अल्पकालिन कर्जा हो ।

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com

पत्र संख्या :
चलानी नं. :

यो व्यवस्थाले धितोपत्र बजारमा लगानीका लागि थप पुँजी उपलब्ध भई कारोबार संख्या बढ्न जानेछ, तरलता वृद्धि हुनेछ र बजारलाई थप विकसित र परिपक्व हुन मद्दत मिल्ने विश्वास हामीले लिएका छौं । मार्जिन कारोबार सुविधा हाम्रो बजारमा नयाँ आयाम हुनेछ । यसबाट लगानीकर्ता लाभान्वित हुने छन् ।

हामीले मार्जिन कारोबारका लागि तर्जुमा गरेको कार्यविधिमा धितोपत्र दलाल ब्यवसायीले आफ्ना ग्राहकलाई यस्तो सेवा उपलब्ध गराएबापत आपसी सहमतिमा सेवा शुल्क तथा ब्याज लिन पाउने व्यवस्था गरेका छौं ।

बजारको माग तथा नेपाल धितोपत्र बोर्डले मिति २०७४/०७/२० मा जारी गरेको मार्जिन कारोबार सुविधा सम्बन्धि निर्देशन २०७४ ले दिएको निर्देशन बमोजिम हामीले कार्यविधि तर्जुमा गरेका हौं । कार्यविधि तर्जुमाको क्रममा सिडिएस एन्ड क्लियरिङ लिमिटड, सदस्य दलाल, लगानीकर्ताका प्रतिनिधि लगायतको सहभागिता रहेको स्मरण गराउन चाहन्छु ।

सोही कार्यविधि अनुरुप नै आज हामी सदस्य दलाल व्यवसायीलाई मार्जिन सुविधा उपलब्ध गराउने अनुमति प्रदान गर्दैछौं । यस सन्दर्भमा कार्यविधिमा रहेका मुख्य विशेषताहरुको सामान्य चर्चा गर्न चाहन्छु । मार्जिन सुविधा कुन कुन धितोपत्रमा उपलब्ध गराउन सकिने हो त्यसको मापदण्ड तोकिएको छ । सोही अनुरुप कम्पनीहरु छानिएका छन् ।

ग्राहकले धितोपत्र दलाल ब्यवसायीसंग मार्जिन कारोबार अन्तर्गत धितोपत्रको खरिद गरी राफसाफ गर्दाको कुन कुन कारोबार मार्जिन कारोबार हो त्यसलाई अलग्गै अभिलेख राख्ने, नेप्से तथा धितोपत्र बोर्डमा त्यसको रिपोर्टिङ गर्ने व्यवस्था मिलाइएको छ ।

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

पत्र संख्या :
चलानी नं. :

लगानीकर्ता तथा सदस्य दलालहरुको दायित्वको स्पष्ट किटान समेत कार्यविधिमा गरिएको छ ।

इनिसियल मार्जिन, मेन्टिनेन्स मार्जिन, मार्जिन कल तथा लिक्विडेसनको प्रवन्ध पनि कार्यविधिमा छ । मार्जिन गणनाको सुत्र पनि कार्यविधिमै दिइएको छ ।

एउटै धितोपत्रमा कतिसम्म लगानी गर्न सकिने, एउटै ग्राहकलाई कतिसम्म यस्तो सुविधा प्रदान गर्ने भन्ने सीमा पनि तोकिएका छन् । लगानीकर्ताको आर्थिक पक्षका बारेमा आश्वस्त भएको अवस्थामा मात्रै सदस्य दलालले मार्जिन सुविधा उपलब्ध गराउने भन्ने विषय पनि कार्यविधिमा परेको छ ।

यसबाहेक सदा झैं स्टक एक्सचेन्जमा हुने अन्य गतिविधि जस्तै मार्जिन कारोबारलाई पनि सुरक्षित, पारदर्शी तथा विश्वसनीय बनाउन नेप्सेले अनुगमन तथा सुपरिवेक्षणको कार्य गर्ने नै छ भन्ने प्रतिवद्धता जाहेर गर्दछु ।

यसको सफल कार्यान्वयनका लागि आवश्यक स्रोत, प्राविधिक तथा जनशक्ति पूर्वाधारका बारेमा सदस्य दलाल व्यवसायी सचेत छन् भन्ने हामीलाई लागेको छ ।

आजको यो कार्यक्रमलाई पुँजी बजार सम्बद्ध निकाय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एन्ड क्लियरिङ लिमिटेड, सदस्य धितोपत्र दलालहरु, लगानीकर्ताहरु तथा नेपाल राष्ट्र बैंक समेतको सहकार्यको उपलब्धिका रुपमा लिनुपर्छ । यस अर्थमा म सम्बद्ध सबै पक्षलाई धन्यवाद दिन चाहन्छु ।

मिति २०७६/०३/१२

मुराहरि पराजुली
प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com